अनुमोदन राष्ट्रिय दैनिक
वर्ष : २१
अंक १४०
०४ माघ शुक्रबार २०७५
नेपाल संवत ११३९
18 Jan. Fri. 2019
पृष्ठ ४, मूल्य रु. ३।-

अधिकार सम्पन्न, समृद्ध र सुन्दर सुदूरपश्चिमको आवाज

www.eanumodan.com

अनुमोदन

Anumodan National Daily

राष्ट्रिय दैनिक

"शान्ति र समृद्धिका लागि योग"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

सुरक्षा गार्डहरूको गुनासो- अन्याय भयो

अनुमोदन समाचार/धनगढी

कैलालीको धनगढीस्थित एनआइसी एसिया बैंकमा करारमा सुरक्षा गार्डमा कार्यरत शेरबहादुर बिष्टको हातमा माघ १ गते बिहान एउटा पत्र प्राप्त भयो । उनले पत्र पढेपछि छांगाबाट खसे झैं भयो । उनले भने- "मलाई जागिरबाट हटाएर अर्कैलाई जिम्मेवारी दिएर पठाइएको रहेछ ।"

उनी २०६६ सालदेखि बैंकमा कार्यरत थिए । गुरुड सेक्युरिटी कम्पनीमार्फत उनी सो बैंकमा कार्यरत रहेका थिए । उनीसँगै बैंकमा कार्यरत अन्य आठ जनालाई पनि परिवर्तन गरिएको थियो । बैंकमा गुरुड सेक्युरिटीसँगको सम्झौता खारेज गरेर नयाँ लकेसा सेक्युरिटीबाट गार्डहरू पठाइएको थियो ।

गार्ड बिष्टले भने- "हामीले नयाँ श्रम ऐन अनुसार सेवासुविधा मागदा जानकारी नै नगराई हटाइयो ।" उनले विगतमा पनि पटक-पटक गार्ड परिवर्तन गर्दा सोधपुछ तथा जानकारी गराइने गरेको स्मरण गर्दै भने- "तर यो पटक जानकारी नै नगराइएका हामीलाई हटाइयो । हामीलाई हटाइएकोमा चिन्ता होइन, तर एक पटक सोध्नु त पर्ने थियो ।"

बिष्ट बैंकमा मासिक १५ हजार चार सय ९० रुपैयाँमा कार्यरत थिए । गत साउन महिनादेखि नयाँ श्रम ऐन अनुसार सेवासुविधा पाउनुपर्ने उनीहरूले माग गरेका थिए । उनले भने- "साउन यता हामीले एक रुपैयाँ पनि पाएका छैनौं ।"

बैंकका क्षेत्रीय निर्देशक टेकराज भट्टले पुरानो सेक्युरिटी कम्पनीसँग सम्झौता सकिएपछि प्रक्रिया अनुसार नयाँ कम्पनीसँग सम्झौता गरिएको बताए ।

कैलाली सेक्युरिटी युनियन कैलालीका अध्यक्ष धनबहादुर चन्दले "नेपाल सरकारले बढाएको सेवा सुविधा अनुसार दिन नमानि विभिन्न बहानामा बैंकहरूले गार्डमाथि अन्याय गरिरहेका छन् ।"

कैलालीका अधिकांस प्राइभेट कम्पनीबाट बैंकमा कार्यरत सुरक्षा गार्डहरूले लामो समयदेखि सेवासुविधा नपाएको गुनासो गरेका छन् । सुरक्षागार्डले श्रम ऐनले व्यवस्था गरे अनुसारको न्यूनतम पारिश्रमिक तथा सुविधा पाउन नसकेको गुनासो गरेका छन् ।

युनियनका अध्यक्ष चन्दले धनगढीस्थित एनआइसी बैंक र जनता बैंकले साउन यता सुरक्षा गार्डलाई सेवासुविधा नदिएको गुनासो गरे । उनले जनता बैंकले श्रम ऐन अनुसार तलब माग गर्दा दुई जना सुरक्षा गार्ड बैंकले हटाएको बताए ।

"७० प्रतिशतको नियमित तलब, पोसाक र ओभर टाइमको भत्ता नपाउने समस्या छ," अध्यक्ष चन्दले भने, "९५ प्रतिशतले ऐनले व्यवस्था गरे अनुसारको न्यूनतम तलबपाएका छैनन् ।" केही कम्पनीले ३ महिनादेखि तलब रोकेका छन् ।

कैलालीमा दुई दर्जनभन्दा बढी सेक्युरिटी कम्पनीमा ४ सय बढी सुरक्षागार्ड कार्यरत छन्। तीमध्ये अधिकांश कम्पनीले श्रम ऐनअनुसार पाउनुपर्ने तलब र सेवासुविधा नदिएका हुन । अध्यक्ष चन्दले राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक र कृषि विकास बैंकमा कार्यरत सुरक्षा गार्डले समेत पूर्ण सेवासुविधा पाउन नसकेको गुनासो आएको जानकारी दिए । "कतिपयले ७/८ हजारमा १२ घण्टासम्म काम गर्नुपरेको अवस्था छ," चन्दले भने, "त्यो तलब पनि समयमै पाउँदैनन ।"

संघका सचिव खड्क चन्दले सुरक्षा गार्ड कार्यरत कम्पनी र बैंक तथा वित्तीय संघसंस्थाहरू जिम्मेवार नभएको बताए । "सेक्युरिटी कम्पनीले काममा लगाउने कार्यालयहरूले तलब उपलब्ध नगराएको गुनासो गर्छन्," उनले भने, "काममा लगाउने कार्यालयले कम्पनीमा तलब पठाइसकेको बताउँछ । तलब भने कतैबाट पाइदैनन्।" उनले सम्बन्धित गार्डको खातामा सिधै तलब हाल्ने व्यवस्था गर्नुपर्ने बताए ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

खेलाडीलाई पोशाक वितरण

अनुमोदन समाचार/धनगढी

देउसी भैलोबाट संकलित रकमबाट खेलाडीलाई पोशाक वितरण गरेको छ । शिअ उसु क्वान कैलालीले गएको तिहारमा खेलिएको देउसी भैलो कार्यक्रमबाट संकलन भएको रकमले पोशाक वितरण गरेको जनाइएको छ ।

क्वानले बिहीबार धनगढी एक कार्यक्रम गरी प्रतिनिधि सभा सांसद नारदमुनी रानाले उसु खेलाडीलाई पोशाक वितरण गरे ।

तिहारमा रमाइलोका लागि खेलिएको देउसी भैलो कार्यक्रमबाट संकलित रकमले खेलाडीको हौसलाका लागि पोशाक वितरण गरेको क्वान कैलालीका अध्यक्ष नारायण लम्सालले बताए । उसुका ४० जना खेलाडीलाई पोशाक वितरण गरेको उनले जानकारी दिए ।

कार्यक्रममा उसुका अनुशासित २ जना खेलाडीलाई पनि सम्मानित गरेको थियो । छात्रातर्फ दिपिका बोगटी र छात्रतर्फ रविनकुमार शाहीलाई सम्मान गरियो ।

उसुका प्रशिक्षक रतन थापाले सञ्चालन गरेको कार्यक्रममा क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष लालबहादुर शाही, कैलाली जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दीपकबहादुर सिंह लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

वन हेरालु घुससहित पक्राउ

अनुमोदन समाचार/धनगढी

कैलालीको भजनीबाट एक जना वन हेरालु घुस सहित पक्राउ परेका छन् । भजनीस्थित सामुदायिक वनबाट नगद लिदै गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग महेन्द्रनगरले भजनी सामुदायिक वनका वन हेरालु हरिशचन्द्र कुमारलाई रंगेहात पक्राउ गरेको हो ।

वन हेरालुले लौकाहभौकाह सामुदायिक वनबाट १० हजार नगद घुस लिदै गर्दा पक्राउ गरेको जनाएको छ । कुमारलाई थप अनुसन्धानका लागि आज (शुक्रबार) काठमाडौं लगिने जनाइएको छ ।

घर बिक्रीमा

धनगढी उपमहानगरपालिका वडा नम्बर ५, तारानगरस्थित पञ्चोदय स्कूलको पछाडि तथा ज्ञान निकेतनसँगै २० फिट चौडा पिच बाटोमा एक कट्ठा जग्गामा भरखर बनेको आधुनिक सुविधासहितको घर तुरुन्त बिक्रीमा छ ।

नोट : आधा कट्ठा र त्यसमा बनेको घर मात्रै पनि बिक्री गर्न सकिनेछ । जमिनको मोहडा ६८ फिट रहेको छ ।

सम्पर्क फोन : ९८४०५९५४१३

जनप्रतिनिधिहरूको क्षमता अभिबृद्धि तालिम

अनुमोदन समाचार/धनगढी

धनगढीमा बिहीबारदेखि स्थानीय तहका जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम शुरु भएको छ ।

युएन वुमेनको आर्थिक सहयोग, सर्च फर कमन ग्राउण्डसँगको साझेदारी, भजनी नगरपालिका र कैलारी गाउँपालिकासँगको सहकार्यमा फाया नेपालद्वारा सञ्चालित हाम्रो नेतृत्व परियोजना अन्तर्गत आयोजित तालिममा स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिहरूले भोगीरहेका अप्ठ्यारोहरू र आवश्यकता, जनप्रतिनिधिका असल अभ्यास तथा अनुभव आदान प्रदान, शसक्तिकरण र क्षमता अभिवृद्धिका लागि सहकार्यत्मक नेतृत्व साझा मञ्च निर्माण गर्ने उद्धेश्यले गरिएको फाया नेपालका कार्यक्रम निर्देशक धर्मराज पाठकले बताए ।

तालिमको एक कार्यक्रमका बीच भजनी नगरपालिकाका उपप्रमुख छाया देवकोटा र कैलारी गाउँपालिकाका अध्यक्ष लाजुराम चौधरीले संयुक्त रूपमा उद्घाटन गरेका थिए । तालिम उद्घाटन सत्रमा भजनी नगरपालिका उपप्रमुख छाया देवकोटाले तालिमले स्थानीय तहको कानुन निर्माण, विकास निर्माण, लैंगिक समानता, समावेशीकरण सामाजिक न्याय मानवअधिकार र महिलाको समान सहभागीता र सह नेतृत्वमा निर्माणमा महत्त्वपूर्ण टेवा पुने विचार व्यक्त गरिन् । ***(बाँकी २ पेजमा)***

आधुनिक सुविधासहितको घर भाडामा चाहिएमा

धनगढी उपमहानगरपालिका वडा नम्बर १, पशुपतिटोलमा गाडी पार्किङसहितका सुविधासहित आधुनिक डिजाइनमा बनेको तीन तले भवनको माथिल्ला दुई फ्ल्याट भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।
फोन : ९८४८४२९४१९

मित्र किचन सप एण्ड ट्रेडिङ्ग

एलएनचोक, धनगढी, कैलाली, फोन नं. ०९१-५२२६२७

हाम्रो यहाँ भान्सा सम्बन्धी सम्पूर्ण भाडा वर्तनिहरू र भेरी ग्याँस, ग्याँस चुलो, भट्टी चुलो, रेगुलेटर, पाइप, लाइटर होलसेल रेटमा पाइनका साथै चुलो मर्मत गरिन्छ ।

प्रो. तारादत्त पनेरु (९८४८४२७६९५)

मित्र सप्लायर्स (भेरी ग्याँसको अधिकृत विक्रेता), धनगढी, कैलाली

होटल खुल्यो

अंग्रेजी नयाँ वर्ष २०१९ को हार्दिक मंगलमय शुभकामनासहित...

यहि मिति २०७५/९/१४ गते होटल आस्था धनगढीको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माया भट्टज्यूबाट विधिवत उद्घाटन भई तपाई हाम्रो शहर धनगढी कर्भडहलको पूर्व टिसिएन चौक नजिकै होटल आस्था सञ्चालनमा आएको व्यहोरा ग्राहकवर्गमा अवगत गराउन चाहन्छौं ।

हाम्रा सेवाहरू:

१. लक्जरीयस एसी, नन एसी, डिलक्स रुमहरू
२. ५० जनासम्म मिटिङ, सेमिनार, गोष्ठी, किडेड वर्थडे पार्टी गर्न मिल्ने हलको व्यवस्था
३. खुल्ला रमणीय दृष्यसँगै खाजा नास्ताका लागि व्यवस्था
४. सफा स्वच्छ खाना नास्ताको व्यवस्था
५. एसी फेमिलि डायनिङ हल
६. व्यवस्थित पार्किङ
७. गाडी, एयर टिकेट बुकिङको व्यवस्था
८. आतिथ्य एंव स्वच्छतामा हाम्रो विशेष जोड

होटल आस्था तपाईको आथित्यको पर्खाइमा

होटल आस्था

धनगढी कवर्डहलको पूर्व टिसिएन चौक, हसनपुर,
फोन नं. ०९१-५२६२६२, ५२६२६४, ९८५८४८८६६२

आन्तरिक राजस्व कार्यालय, धनगढीको अपिल

- **विगतमा स्था.ले.नं. नलिई कर लाग्ने आय आर्जन गर्ने व्यक्ति, स्था.ले.नं. (PAN) दर्ता गरी करोबार गरिरहेका तर आ.व. २०७२/०६३ सम्मको आय विवरण पेश नगर्ने प्राकृतिक व्यक्ति र २०७४ साल असार मसान्तसम्मको मूल्य अभिबृद्धि कर विवरण पेश नगर्ने करदाताको लागि आर्थिक ऐन, २०७५ को दफा २०, २१ र २३ ले छुट सुविधाको व्यवस्था गरेको हुनाले २०७५ पौष मसान्तभित्र आन्तरिक राजस्व कार्यालयमा सम्पर्क गरी उक्त छुट सुविधाको उपयोग गर्नुहुन हार्दिक अपिल गरिन्छ ।**
- **आयकर ऐन, २०५८ को दफा ९४ र ९५ ले रु. ५,०००।- भन्दा बढी वार्षिक आयकर तिर्नुपर्ने प्रत्येक करदाताले किस्ताबन्दीमा कर र अनुमानित आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था भए बमोजिम आ.व. २०७५/७६ को लागि प्रथम किस्ता (४० प्रतिशत) आयकर र अनुमानित विवरण २०७५ पौष मसान्तभित्र दाखिला गर्नहुन जानकारी गराइन्छ ।**
- **सरकारी निकायहरूले समेत WPAN लिनुपर्ने व्यवस्था भएकोले सो बमोजिम WPAN लिन र कर्मचारी तलब, भत्ता तथा वस्तुसेवा खरिद आदि भुक्तानीमा अग्रिम कर कट्टी गरेको कर रकम समयमा दाखिला गर्न र सो कर कट्टीको विवरण विद्युतीय माध्यमबाट (ETDS) पेश गर्न गराउन हुन जिल्लास्थित सम्पूर्ण सरकारी निकायहरूलाई हार्दिक अनुरोध गरिन्छ ।**

पुसे पन्ध्र, ल्होसार तथा माघे संक्रान्ति (माघी पर्व) को पावन अवसरमा यहि पौष १५ गते देखि माघ २९ गतेसम्म

बृहत नि:शुल्क विशेषज्ञ स्वास्थ्य शिविर !

उपचार तथा सेवाहरू :

१. वरिष्ठ फिजिसियन **डा. विजय के.सी.** (MBBS, MD) द्वारा मुटुरोग, रक्तचाप (ब्लड प्रेशर), मधुमेह (सुगर), पेट, ग्यास्ट्रीक, अल्सर, छाती, दम, श्वास्प्रश्वास, कोलेस्ट्रोल, थाईराईड, डेंगु, स्क्रब टाईफस, सिकलसेल एनिमिया आदिको विशेषज्ञ उपचार सेवा ।
२. वरिष्ठ हाडजोर्नी विशेषज्ञ **डा. मधुसुधन घले गुरुङ** (MBBS, MS) द्वारा अत्याधुनिक कम्प्यूटर प्रविधिबाट भांचिएका, बांगिएका, मर्केका, जन्मजात बांगाटिंगा भएका हड्डीहरूको उपचार तथा अप्रेशन लगायत हाडजोर्नीको संक्रमण, बाथरोग, यूरिक एसिड, जोर्नी, घुंडा, कांध, कमर, गर्दन दुखाई, हातखुट्टा/जिउ झमझम गर्नेको उपचार साथै शरीरमा राखिएका रड, प्लेट, पिन आदि अप्रेशनबाट झिक्ने सेवा ।
३. वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ **डा. नजमुस्सबा अन्सारी** (MBBS, MD) द्वारा तल्लो पेट दुख्ने महिनावारी गडबडी, सेतो पानी बग्ने, स्तन, पाठेघर, डेलिभरी लगायत सम्पूर्ण उपचार तथा अप्रेशन सेवा ।
४. वरिष्ठ नवजात शिशु तथा बालरोग विशेषज्ञ **डा. दीपक पौडेल** (MBBS, MD) द्वारा बच्चाको ज्वरो, उल्टी, रुघा खोकी, विभिन्न संक्रमण, मुत्र प्रणाली (पिसाब) तथा मलद्वार (दिसा) सम्बन्धि संक्रमण, बच्चामा रक्तचाप, एलर्जी, श्वासप्रस्वास समस्या, सुगर, थाईराईड, जण्डीस, मोटोपना, दुब्लोपना, मिर्गी वा मुर्छापर्ने समस्या, बच्चाको शारीरिक वृद्धि, विकास, आहार एंव पोषण लगायत विभिन्न खोपहरू सम्बन्धी उपचार तथा परामर्श सेवा ।
५. वरिष्ठ भिडियो एक्स-रे विशेषज्ञ (रेडियोलोजिष्ट) **डा. अनुज श्रेष्ठ** (MBBS, MD) द्वारा पेट, घाँटी, स्तन, पाठेघर, अण्डकोष, टाउको आदिको भिडियो एक्स-रे साथै एक्स-रे, सि.टि. स्क्यानको रिपोर्टीङ सेवा ।

स्थान :- निसर्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
हसनपुर, धनगढी-५, कैलाली
मिति :- २०७५ पौष १५ गतेदेखि माघ २९ गतेसम्म ।
समय :- बिहान ८:०० बजेदेखि साँझ ५:०० बजेसम्म ।

विशेष छुट :
*ल्याब (Lab) टेस्ट लगायत एक्स-रे, भिडियो एक्स-रे, ई.सी.जी., ईको, टि.एम.टी.मा २५% छुट ।

सम्पर्क :

निसर्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.

हसनपुर, धनगढी-५, कैलाली, फोन नं.: ०९१-५२६६८१, ९८६५६८०१००, ९८०४६००७४५

"समयमै नाम दर्ता गर्नुहोस् ! अवसरको लाभ लिनुहोस् !!"

विघ्नकर्तालाई खेल्न मैदान

राजेन्द्र सेन्चुरी, विनोदकुमार पौडेल

सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उल्लंघन र ज्यादतीका घटनालाई संक्रमणकालीन न्यायको माध्यमबाट टुंग्याउने भने पनि संक्रमणकालीन संयन्त्रहरू बेलैमा बन्न नसक्नाले धेरै जटिलता उत्पन्न भए । द्वन्द्वकालीन घटनाउपर न सामान्य न्यायप्रणालीले अभियोजन अगाडि बढाउन छाड्यो, न फैसला सुनाइएका दोषीहरू (एकाध घटनाको बाहेक) जेल चलान भए ।

न द्वन्द्व पीडितले न्याय पाएको महसुस गर्नसके । भयो त केवल किचलो जसका कारण वास्तविक न्याय र परिपूरण दिलाउने काम टरिरहृयो ।

विस्तृत् शान्ति सम्झौताको धारा ५.२.५ र अन्तरिम संविधान २०६३ को धारा ३३ (ध) अनुसार नियमित न्यायालयबाट द्वन्द्वकालीन घटनाउपर छानबिन र निर्णय गर्न नमिल्ने भए पनि तोकिएको समयमा आयोगहरू गठन नहुँदा पीडितलाई दुईटा विकल्प उपलब्ध हुनगए– कि विद्यमान कानुनी व्यवस्था अनुसार बढ्ने कि संक्रमणकालीन संयन्त्रहरू नबन्दासम्म चुपचाप बसिरहने ।

केही सीमित पीडितले विद्यमान कानुनी उपचार खोजे पनि अधिकांशले पखिंराखे । ती केही मुद्दाका साथै बेलायतले विश्वव्यापी अधिकार क्षेत्र प्रयोग गरी कर्णेल कुमार लामालाई गोरुसिंगे ब्यारेकमा सर्वसाधारणमाथि चर्को यातना दिएको आरोपमा लन्डनमा पक्रेर मुद्दा चलाएपछि नेपाल सरकारको चेत खुल्यो । त्यसपछि सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग बने ।

यी दुई आयोगले सिफारिस गरे अनुसार अभियोजन गर्न बन्नुपर्ने संयन्त्र हो, विशेष अदालत । तर यी आयोग गठन भएको ४ वर्ष हुँदासम्म पनि विशेष अदालतबारे छलफल भएको पाइएन । यस्तो संयन्त्र कसरी बनाउने, यसले एक-एक मुद्दाको सत्यनिरुपण हुनासाथ समानान्तर रूपमा अभियोजन अगाडि बढाउने कि समष्टिगत रूपमा ल्याइने प्रतिवेदन पेस भएपछि गर्ने भन्नेबारे प्रस्ट धारणा आएको छैन ।

विशेष अदालतको क्षेत्राधिकार के कस्तो हुने भन्ने तय भइनसकेकाले कतिपय मुद्दा संक्रमणकालीन आयोगसम्म पुग्नसकेका छैनन् । अदालत वा राष्ट्रिय मानव अधिकार आयोगबाट सिफारिस भई प्रहरीमा अनुसन्धान भइरहेको उजुरीलाई संक्रमणकालीन न्याय सम्बन्धी आयोगहरूले फेरि उजुरी लिन नमिल्ने भनिएको छ । हुनसक्ला, ती घटना द्वन्द्वसँग सम्बन्धित नभएर व्यक्तिगत रिसइबी, लाभ, आचरण आदि कारणले भएका होलान् । तर त्यसलाई पीडित वा आरोपितमध्ये कम्तीमा कुनै एक पक्षले द्वन्द्वसँग जोडिएको घटना हो भनिसकेपछि छानबिन वा अनुसन्धानले प्रमाणित नगरुन्जेल तिनलाई द्वन्द्वसँग सम्बन्धित घटनाकै दृष्टिकोणबाट हेर्नुपर्छ ।

ती मुद्दामा धेरै अनुसन्धान र उपलब्धि भइसकेको हुनाले तिनीहरूलाई संक्रमणकालीन आयोगहरूमा उजुरी गरेर फेरि प्रक्रिया शून्यबाट सुरु गर्न आवश्यक छैन, हुँदैन । तर द्वन्द्वोत्तर पक्षबाट भएका घटनालाई परिपूरण दिलाउने, मेलमिलाप गराउने वा कारबाहीको लागि सिफारिस गर्ने काम यिनै आयोगहरूको भएकोले मुद्दा यतै सार्न आवश्यक देखिन्छ ।

हुनसक्ला, ती युद्धसँग सम्बन्धित घटना नभई राजनीतिक आवरणमा भएका आपराधिक घटना हुन् । तर त्यसो हो भने पनि सोही अनुरुपको दण्ड-जरिवाना गर्ने काम विशेष अदालतकै हुन जान्छ । अदालतमा मुद्दा दायर रहेका ३ आरोपितसांग हामीले कुरा गर्दा, उनीहरू सबैले यदि सबै आरोपितलाई सामान्य न्याय प्रणालीबाटै फैसला गर्ने भए आफूले पनि मान्ने बताए । नत्र नस्वीकार्ने उनीहरूको धारणा थियो । हिंसा सांगठनिक भएकोले त्यसको उपचार पनि सामुहिक नै हुनुपर्ने उनीहरूको जिकिर थियो ।

विस्तृत् शान्ति सम्झौताको बुँदा ५.२.३ र ५.२.५ अनुसार आयोगहरू अविलम्ब बन्नुपर्ने जायज माग हुँदै गर्दा त्यसकै बुँदा ५.२.७ मा भएको नियमित न्याय प्रणाली अन्तर्गतका द्वन्द्वकालीन मुद्दाहरू फिर्ता लिने भन्ने बुँदा नजरअन्दाज भइ रहृयो, जुन स्पष्ट रूपमा अगाडि बढ्नु आवश्यक थियो । किनकि त्यसले युद्धका आरोपितहरूलाई असुरक्षाको भावना चिरेर संक्रमणकालीन न्याय प्रक्रियामा साथ दिन प्रेरित गर्न सक्थ्यो ।

बनाइने विशेष अदालत पनि दोषीलाई नै कारबाही गर्न बन्ने अदालत हो भन्ने सशंकित सरोकारवाला सबैले बुझ्न र बुझाउन नसकेकाले पीडित र आरोपित दुबै पक्षमा संत्रास छाएको देखिन्छ– एक पक्षलाई विश्वकै कुख्यात युद्ध अपराधी र गम्भीर मानव अधिकार हननका आरोपितहरूलाई जेल पुऱ्याउने 'विशेष अदालत' भन्ने शब्दले नै तर्साउँछ ।

पेरुको 'शाइनिङ पथ' विद्रोह दबाउने निर्वाचित राष्ट्रप्रमुख अल्बर्टो फुजिमोरी, बलकानी कसाही भनेर चिनिने पूर्व युगोस्लाभियाका तृतीय राष्ट्रपति स्लोबोदान मिलोसेविक र उनका सयौं सैन्य नेता, 'ब्लड डायमन्ड'का खातिर छिमेकी सिएरा लियोनको विद्रोहलाई अझ क्रूर बनाउन सहयोग गर्ने लाइबेरियाका तत्कालीन राष्ट्रपति चार्ल्स टेलर, ब्यापक मानव अधिकार उल्लंघन गर्ने लोकतान्त्रिक गणतन्त्र कङ्गोका विद्रोही नेता थोमस लुबाङ्गो डाइलोजस्ता युद्ध अपराध आरोपित शक्तिशाली व्यक्ति लगायत कसैलाई नछाडेको यस्ता अदालतले आफूलाई पनि जाक्ला कि भन्ने डर छ । पीडितहरूलाई भने राज्यले विभिन्न अदालतबाट फैसला भैसकेका मुद्दाहरूको त अहिलेसम्म कारबाही अगाडि बढ्नसकेको छैन भने झन् देख्दै नदेखेको त्यस्तो अदालतले कसरी न्याय दिनसक्ला भन्ने शंका छ ।

सुरक्षा निकाय र तत्कालीन विद्रोही नेताहरूसँग कुराकानी गर्ने क्रममा हामीले अनुभूत गरेको अर्को पक्ष हो– राज्यका अंगहरूको विरासत । कतिपय मुद्दा द्वन्द्वकै दौरान र शान्ति सम्झौता भए लगत्तै अगाडि बढाइएका कारण आरोपितहरू अझैसम्म पनि पूर्णरूपमा प्रहरी अनुसन्धान र न्यायपालिकालाई विश्वास गर्ने अवस्थामा छैनन् । यसरी राज्य संयन्त्रउपर विश्वास गुमेको कारण उनीहरू बिना संकोच न्यायिक विचारणमा सहभागी हुनबाट डराइरहेका छन् । यही डरको उपज हो, अझैसम्म संक्रमणकालीन विशेष अदालत बनाउने कानुनी प्रावधान बन्न नसक्नु ।

दैलेखका पत्रकार डेकेन्द्र थापाको अपहरणपछि हत्याको घटनामा तत्कालीन महान्यायाधिवक्ता मुक्तिनारायण प्रधान र तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले द्वन्द्वकालीन मुद्दालाई सामान्य न्याय प्रणालीबाट हेर्न नमिल्ने भन्दै पहिलो सूचना रिपोर्ट (एफआईआर) मा थप अनुसन्धान गर्न रोक लगाएका थिए, जसलाई सर्वोच्च अदालतले बदर गर्दै संक्रमणकालीन न्यायका संयन्त्र नबनुन्जेल द्वन्द्वकालीन अपराधका घटना छानबिन र अभियोजन नियमित न्याय प्रणालीबाटै हुने गरायो ।

यद्यपि अग्नि सापकोटा सम्बन्धी रिट (२०६८ सालको रिट नं. १०९४) निवेदनको फैसलामा सर्वोच्चले भन्यो, 'भविष्यमा संक्रमणकालीन न्याय प्रबन्धको व्यवस्था भएको अवस्थामा प्रचलित कानून बमोजिम अनुसन्धान भएका, भइरहेका र दायर मुद्द सम्बन्धित कानुनले व्यवस्था गरेमा तोकिए बमोजिम क्षेत्राधिकार परिवर्तन हुन नसक्ने होइन', जसको अर्थ यो रहन्छ कि नियमित फौजदारी कानुनमार्फत आसन्न मुद्दालाई पनि संक्रमणकालीन न्याय संयन्त्रको क्षेत्राधिकारभित्र पर्नेगरी हस्तान्तरण गर्न सकिन्छ । किन्तु यस्तो संक्रमणकालीन न्याय प्रणालीले सामान्य न्याय प्रणालीबाट बढेका वा फैसला भैसकेका मुद्दालाई उल्टाउन वा अतिष्ठित गर्न भने मिल्दैन ।

देशभरका अदालतमा रहेका करिब ३ सय ५० विचाराधीन कानूनी मुद्दालाई विशेष अदालतमा हस्तान्तरण गर्न आवश्यक छ । सिएरा लियोनमा यस्तै भएको थियो र ५६ वर्ष युद्ध झेलेको कोलम्बियामा पनि यस्तै भइरहेको छ । वास्तवमा यसका ३ वटा प्रभावकारिता छन्– सामान्य अवस्थामा आकर्षित हुने फौजदारी न्याय प्रणालीबाट पीडकलाई सजाय त मिल्छ, तर पीडितलाई केही प्राप्त हुँदैन ।

जबकि संक्रमणकालीन न्यायमा पीडितलाई बृहत परिपूरणको समेत व्यवस्था गरिने हुँदा पीडितले परिपूरणबाट वञ्चित हुनु पर्दैन । आरोपितहरूले आफ्ना मुद्दा सामान्य न्याय प्रणालीबाट अगाडि बढाइएकोले आफूले त्यसलाई नमान्ने भन्ने गुनासो वा बहाना गर्न पाउने छैनन्, फलस्वरूप दण्डहीनता अन्त्य भई विधिको शासनको बहाली हुन जान्छ । साथै विशेष अदालतले निश्चित समय-सीमाभित्र द्वन्द्वकालीन मुद्दा टुंग्याउनुपर्ने भएकोले यसबाट न्याय प्रक्रिया छिटो हुन्छ ।

निचोड

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोग विस्तृत् शान्ति सम्झौता भएको ६ महिनाभित्र गठन हुने भनिए पनि ८ वर्ष लाग्नजाँदा राज्यले दण्डहीनताले प्रश्रय पाएको महसुस गऱ्यो । र लोकतान्त्रिक मुलुकमा कानुन कहिल्यै सुषुप्त नहुने हुँदा संक्रमणकालीन न्याय व्यवस्थाको प्रबन्ध नहुन्जेल सामान्य न्याय प्रणालीबाट न्याय सम्पादन गर्ने जायज कोसिस गरियो ।

अहिले हामीसँग यस्ता संक्रमणकालीन संरचना क्रियाशील भएकोले द्वन्द्वकालीन मानव अधिकार उल्लंघनका घटनालाई संक्रमणकालीन न्याय प्रणालीबाटै सम्बोधन गर्नु अनिवार्य हुन्छ । तसर्थ अब नियमित न्यायालयबाट अगाडि बढेको अभियोजन टुंगो लगाउनेबारे चिन्तन गर्नुभन्दा कसरी सबैको लागि भरोसा योग्यको विशेष अदालत गठन गर्ने र संक्रमणकालीन संयन्त्रहरूको सिफारिसमा हुने अभियोजनलाई निष्पक्ष ढंगबाट सम्पादन गर्ने भन्ने चिन्तन गर्न आवश्यक छ ।

बेलैमा यस्तो विशेष अदालत स्वदेशी चेस्टामा नबन्ने हो भने शान्ति विघ्नकर्ता (पिस स्पोइलर) हरूले खेल्ने ठाउँ पाउनेछन् । त्यसो भयो भने यहा अनमिनको उपस्थितिमा सम्पन्न भएको लडाकुको निशस्त्रीकरण, सैन्य विघटन र पुनस्र्थापनालाई नजिर बनाउँदै राष्ट्र संघको अगुवाइमा यो काम गर्नुपर्छ भनेर गुहार्नेहरू उदाउनेछन्, जुन पक्कै पनि राष्ट्रका लागि हितकर हुने छैन । किनकि महाशक्ति राष्ट्रहरूको भू-राजनीतिक चासो मिसिन गयो भने चुट्कीको भरमा त्यस्तो अन्तर्राष्ट्रिय अदालत गठन हुनेछ, जसको कारण राज्यले धेरै मूल्य चुकाउनुपर्ने हुनसक्छ । साथै विश्वव्यापी अधिकार क्षेत्रको प्रावधान भएका राष्ट्रहरूबाट ठूलै झमेला खेप्नुपर्ने हुन्छ । *(बाँकी ३ पेजमा)*

> द्वन्द्वका घटनामा न्याय दिलाउन 'विशेष अदालत' आवश्यक छ । तर एक पक्षलाई यो शब्दावलीले नै तर्साउँछ, अर्कोलाई पनि शंका छ ।

जनप्रतिनिधिहरूको क्षमता...

त्यस्तै कैलारी गाउँपालिका अध्यक्ष लाजुराम चौधरीले स्थानीय तहमा विकास निर्माण सामाजिक सचेतीकरण र पछाडि पारिएका समुदायका थुप्रै समस्या रहेको र ती समस्याहरू समाधान गर्न र समृद्ध र सबैको समान सहभागिता सहितको समतामूलक समाज निर्माणका लागि जनप्रतिनिधि नागरिक समाज सबैको महत्त्वपूर्ण सहकार्यत्मक अभियान सञ्चालन आवश्यक रहेकाले त्यस कार्यमा तालिम उपलब्धिमूलक रहने विश्वास व्यक्त गुरे ।

तालिम उद्घाटन सत्रमा सर्चफर कमन ग्राउण्डका अधिकृत दलबहादुर सुनार, हाम्रो नेतृत्व परियोजनाका संयोजक सचितानन्द जोशी लगायतकाले मन्तव्य राखेका थिए ।

फाया नेपालका अध्यक्ष लोकराज भट्टको अध्यक्षतामा भएको उद्घाटन सत्रको फाया नेपालका अनुगमन मूल्याकन तथा सञ्चार संयोजक शेरबहादुर बस्नेतले संचालन गरेका थिए ।

तालिममा भजनी नगरपालिका र कैलारी गाउँपालिका प्रमुख उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष सदस्यहरू सहिता ६० जना जनप्रतिनिधिहरूको सहभागिता रहेको छ ।

सुनकाण्डका अभियुक्त उम्काउने पाँच न्यायाधीशलाई 'कारबाही'

समाचार एजेन्सी/काठमाडौं

सुन तस्करीका आरोपितबारे विवादास्पद थुनछेक आदेश गरेका उच्च अदालतका पाँच न्यायाधीश 'प्रारम्भिक कारबाही' मा परेका छन् । उच्च अदालत विराटनगरका ती न्यायाधीशलाई न्यायपरिषद्ले काठमाडौं तानेको छ । सनम शाक्य हत्याकाण्ड र ३८ क्विन्टल सुन तस्करीको मुद्दामा जोडिएका आरोपितबारे जिल्ला अदालतले गरेका अधिकांश थुनछेक आदेश उनीहरूले उल्ट्याएका थिए ।

उच्च अदालत विराटनगर स्रोतका अनुसार न्यायाधीशहरू नागेन्द्रलाभ कर्ण, धीरबहादुर कार्की, सारंगा सुवेदी, उमेशकुमार सिंह र उमेशराज पौडेललाई तत्काल काठमाडौं झिकाइएको हो । 'यी न्यायाधीशले गरेको आदेश र अन्य कार्यशैली हेर्दा दोषजति भरियाको थाप्लोमा बोकाउने अनि सुन तस्करीका योजनाकारलाई धमाधम धरौटी वा सामान्य तारेखमा छाड्ने रणनीति लिएको देखियो,' प्रधानन्यायाधीशको सचिवालय स्रोतले भन्यो, 'सरसर्ती हेर्दा गडबड देखिएकाले अब पनि उनीहरूलाई त्यहाँ राख्न उपयुक्त नहुने देखेर न्यायपरिषद्मा झिकाइएको हो ।'

न्यायपरिषदका प्रवक्ता रामेश्वर रेग्मीले यसलाई नियमित प्रक्रिया भनी टिप्पणी गरे । 'सम्माननीयज्यू (प्रधानन्यायाधीश) ले न्यायाधीशहरूको काज सरुवा गर्न सक्ने व्यवस्था छ, त्यहीअनुसार हुने काज सरुवा नियमित प्रक्रिया हो, मैले पनि हल्ला सुनेको हुँ,' रेग्मीले भने, 'सर्वोच्च अदालतमै यसबारेमा थाहा होला । पछि न्यायपरिषदको बैठकले त त्यसलाई सदर गर्ने हो ।' उनले काजको कारणबारे आफूलाई थाहा नभएको प्रतिक्रिया दिए । यसबारे प्रतिक्रिया लिन खोज्दा सर्वोच्च अदालतका प्रवक्तासाग सम्पर्क हुन सकेन ।

सर्वोच्च अदालत स्रोतले बताएअनुसार पेसी व्यवस्थापनका सवालमा उच्च अदालत विराटनगरका मुख्य न्यायाधीशको भूमिकामाथि समेत छानबिन भइरहेको छ । मुख्य न्यायाधीश डा. कुलरत्न भुर्तेलले ३८ क्विन्टल सुन तस्करी र सनम शाक्य हत्या प्रकरणको एउटै मुद्दाका आरोपितहरूले जिल्ला अदालतको थुनछेक आदेश बदरका लागि दिएको निवेदनलाई विभिन्न इजलासमा छरेका थिए ।

'एउटै इजलासले लगाउ मुद्दाका रूपमा हेर्नुपर्नेमा तासको पत्ती छरेजसरी आरोपितहरूको निवेदन विभिन्न इजलासमा बाँडिएको थियो,' उच्च सरकारी वकिलको कार्यालय विराटनगरका एक सरकारी वकिलले भने, 'पेसी व्यवस्थापनले गर्दा चलखेल गर्न सजिलो बनेको थियो ।' सर्वोच्च अदालत स्रोतका अनुसार यो पाटोमा समेत छानबिन भइरहेको छ । *(बाँकी ३ पेजमा)*

किंवदन्ती बाहिरका पृथ्वीनारायण शाह

प्रदीप नेपाल

नेपालको इतिहास दुईवटा अतिक्रमणको शिकार भएको छ । पहिलो हो किंवदन्ती अनि दोस्रो हो पूर्वाग्रही पश्चिमा इतिहास 'विद' हरू । पृथ्वीनारायण शाह, यी दुवै अतिक्रमणको शिकार भएका नेपाली राजा हुनुहुन्छ । राजाहरू जनवादी त हुँदै हुँदैनन्, उनीहरू प्रजातन्त्रवादी पनि हुन सक्दैनन् । नेपालमा आजका राजाले प्रजातन्त्र पक्षधर हुन सकेनन् भने दुई सय वर्ष पहिलेका राजा केको प्रजातान्त्रिक प्रणालीका पक्षधर हुन सक्थे ? त्यसैले पृथ्वीनारायण शाहलाई आजको आँखाले होइन, उतिबेलाको परिवेशकै आधारमा मूल्यात्कन गर्नुपर्छ तर कुन कुरो चाहिँ सत्य हो भने दक्षिणा एसियाका राजामा पृथ्वीनारायण शाह सबैभन्दा चलाख र दूरदर्शी देखिनुभयो ।

त्यसैले पञ्जाव, हैदरावादजस्ता शक्तिशाली भनिएका साढे चार सय राज्यका राजालाई पराजित गरेर 'इन्डिया' नामको उपनिवेश खडा गर्ने बेलायती मिसनले नेपाललाई आफ्नो कब्जामा लिन सकेन । अहिलेको हिन्दुस्तानका राजा सामरिक हिसाबले नेपालभन्दा धेरै बलिया थिए । उनीहरूसँग पैदल सेना, घोडचढी र हात्ती सहितको सेना थियो । नेपालसँग के थियो ? खुँडा, खुकुरी र आफ्नो घरको माया अनि पृथ्वीनारायण शाहको चतुऱ्याई र दूरदर्शिता । त्यसैले लगातार दुई वर्षको युद्धमा पनि नेपाललाई पराजित गर्न नसकेपछि र आफ्ना महत्त्वपूर्ण अधिकृत मारिएपछि बेलायतले जाली काम गरेर नेपालको हातखुट्टा बाँधिदियो । तर त्यसले नेपाललाई जित्न सकेन ।

यसको श्रेय हामीले पृथ्वीनारायण शाह र उहाका कुशल तथा बहादुर सेनापतिहरूलाई दिनै पर्छ ।

अब किंवदन्तीतिर जाउँ ।

पृथ्वीनारायण शाहले कुनै बाबा गोरखनाथले ओकलेको दही खानुभएको थिएन र त्यो उहाँको खुट्टामा परेको पनि थिएन । यस्तै पृथ्वीनारायण शाहका पुर्खा भारतको मारवाड र चित्तोडबाट आएका पनि थिएनन् । उहाँका कुनै पुर्खालाई अकबर बादशाहले खानको उपाधि पनि दिनुभएको थिएन । यथार्थमा पृथ्वीनारायणका पुर्खाको भारतसँग कुनै सम्बन्ध र सम्पर्क थिएन । भारततिर पारिवारिक सम्बन्ध, बरु पृथ्वीनारायणबाटै आरम्भ भएको हो ।

पृथ्वीनारायण शाहका पुर्खा मात्र होइन, स्वयम् उहाँ पनि खाट्टी मगर हुनुहुन्थ्यो । त्यसैले उहाँको पहिलो विवाह मगर राजकुमारीसँग भयो । मगरहरू खस हुन् भन्ने सत्यलाई भौतिवादी पुराणवाचक बालकृष्ण पोखरेलले पुष्टि गरिसक्नुभएको छ । हड्डेरीमा अहिले पनि 'मांग्योर' भन्ने एउटा समुदाय छ । छ हजार वर्ष पहिले त्यही मांग्योरको एउटा बलो मानसरोबरको बाटो हुँदै जुम्ला झऱ्यो र हजार वर्षमा दिगन्त फैलियो ।

पृथ्वीनारायण शाहका दरबारिया पण्डितलाई मगर राजा भएको किन मन परेन कुन्नी ! उनीहरूले पृथ्वीनारायण शाहको जात उकाल्ने नकाम गरे । उनीहरूले नै पृथ्वीनारायण शाहलाई काशी लिएर गए । काशीमा उनीहरूले पृथ्वीनारायण शाहको काँधमा जनै हाल्दिए । गोत्र परिवर्तन गरिदिए र पृथ्वीनारायण शाहलाई क्षत्रीभन्दा माथिको तथा बाहुनभन्दा मुनिको ठकुरी बनाएर काशी नजिकैको कुनै राजपुत कन्यासँग विवाह गराइदिए । तर यो नक्कली कर्मले केही दिनमात्र इतिहासलाई भ्रमित बनायो । किनभने अहिले पनि स्याङ्जाको आलमदेवी र गोर्खाको मनकामनाका पुजारीहरू मगर छन् । आलमदेवी शाहहरूकी कुलदेवी हुन् भने रामशाहकी पत्नीको सम्मानमा मनकामना देवीको मन्दिर बनाइएको हो । तपाई हामी सबैले पढेकै हो– न्याय नपाए गोर्खा जानू । यो न्याय खोज्ने आहान तिनै रामशाहको पालाको कुरा हो । राम शाहकी रानीको दयालु मनको गाथा अहिले पनि गोखात्तिर गाइन्छन् ।

त्यसैले पहिलो भ्रमबाट हामी सबैले मुक्त हुनुपर्छ : पृथ्वीनारायण शाह ठकुरी हुनुहुन्थेन, उहाँका पुस्ता र उहाँ स्वयम् पनि मगर हुनुहुन्थ्यो । जेठी रानीबाट कुनै सन्तान नभएको हुनाले राजपुत कन्याबाट जन्मिएका उहाँका सन्तान वर्णशंकर भएका हुन् ।

लडाइँको शुरुमा पृथ्वीनारायणले नेपाल एकीकरणको सपना देख्नुभएको थिएन । आफ्ना बाबु नरभूपाल शाहलाई नुवाकोटे राजाले हराएको अपमानको बदला लिन उहाँले नुवाकोटमा आक्रमण गर्नुभएको थियो । नुवाकोटको रमणीय डाँडोमा पृथ्वीनारायण रमाउनुभयो । उहाँको प्रतिशोधी महत्त्वाकांक्षा पनि शान्त भएको थियो । त्यसैले गोरखाबाट राजधानी नुवाकोटमा सारेर उहाँ आरामको राजा हुन चाहनुहुन्थ्यो । अहिले पनि यो सत्य पुष्टि गर्ने संरचना त्यो डाँडोमा छँदैछन् ।

तर परिस्थिति त्यस्तो थिएन । बेलायतले 'इण्डिया' लाई आफ्नो उपनिवेश बनाइसकेको र इण्डिया बाहिरका स्वतन्त्र राज्यतिर गिद्धे आँखा गाड्न थालेको थियो । चतुर पृथ्वीनारायण शाहले यो संकटको अवस्था बुझ्नुभयो । त्यसपछि मात्र उहाँको दिमागमा नेपाल राज्यको एकीकरणको सपना पस्यो । यो एकीकरण काठमाडौं उपत्यकाबाटै शुरु हुनुपर्छ भन्ने सोचाइ पनि उहाँमा पलायो । किनभने दक्षिणबाट हुने पटकपटकको आक्रमणले उपत्यकालाई धुलिसात बनाएको थियो ।

उहाँले काठमाडौं उपत्यकामाथि आक्रमण गर्नुभयो र लामो समयको युद्धपछि उपत्यका माथि उहाँलाई विजय प्राप्त भयो । यसो गरेर उहाँले नेपालको संस्कृति, सभ्यताको संरक्षण गर्नुभयो । पृथ्वीनारायण शाहले उपत्यका नजितेको भए, न आज हामी जीवित देवीकुमारी पाउँथ्यौं, न हाम्रो गाईजात्रा बाँचिरहन्थ्यो । न हामीसँग पशुपतिनाथ हुन्थ्यो न त हनुमानढोका दरबार नै । पश्चिमा साम्राज्यवादका लागि कुनै पनि देशको मौलिक संस्कृति र परम्परा सिस्नाको झाङ हुन्थ्यो । त्यसैले पश्चिमा त्यही मौलिकतामाथि आक्रमण गर्थे । त्यसलाई ध्वस्त पारेपछि त्यहाँ आफ्नो क्रस गाड्थे । काठमाडौंबासीले धन्यवाद दिनुपर्छ पृथ्वीनारायण शाहलाई, जसले उनीहरूको पशुपति, कुमारी, गाइजात्राजस्ता आफ्ना परम्परालाई सुरक्षा दिनुभयो । विजेताको अहम् त्यागेर कुमारीको पूजा गर्नुभयो ।

पूर्वी नेपालको विजय अभियानमा पनि मान्छेले पृथ्वीनारायण शाहलाई डामेको मैले पढेको छु । यो हुँदै नभएको कुरा हो । पूर्वी नेपालमा उतिबेला लोहाडुसेनको शासन थियो । सेनहरू गोर्खाली सेनासँग हार्दै गएपछि पूर्वी पहाडमा पनि उनीहरूको हैकम समाप्त भयो । गोर्खाली सेनाले राई, लिम्बूको फौजसँग लडेको होइन । अरुण किनारमा भएको लडाइ लिम्बूवानसँग होइन, सिक्किमे राजाको फौजसँग भएको थियो । *(बाँकी ३ पेजमा)*

अक्षरांकन पद्धति व्यवस्थित गर्नुपर्ने

अनुमोदन समाचार/धनगढी

सरकारले सञ्चालन गरेको अक्षरांकन पद्धतिलाई व्यवस्थित गरेर थप प्रभावकारी बनाउनु पर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

राष्ट्रिय परीक्षा बोर्ड योजना तथा मूल्यांकन महाशाखा काठमाडौंले बिहीबार धनगढीमा आयोजना गरेको अक्षरांकन पद्धतिको कार्यान्वयन र प्रमाणीकरण प्रभाव सम्बन्धी गरिएको छलफलमा प्रदेशका ९ वटै जिल्लाबाट सहभागी शिक्षक तथा सरोकारवालाले सो सुझाव दिएका हुन् ।

छलफल उद्घाटन गर्दै धनगढी उपमहानगरपालिकाका मेयर नृपबहादुर वडले ग्रेडिङ पद्धतीका बारेमा अझै पनि यथेष्ट जानकारी नहुँदा अन्यौलता रहेको बताए । यस बारेमा स्वयं परीक्षा दिने विद्यार्थीले बुझ्न पाउनुपर्छ नगरप्रमुख वडले भने- "यस्तै अभिमूखीकरण कार्यक्रमले बुझाउन सक्छ ।" यो पद्धतीको बारेमा ब्यापक छलफल चलाएर मात्रै कार्यान्वयनमा ल्याएको भए अहिले अन्यौलता आउने थिएन नगरप्रमुख वडले भने- "अझै पनि छलफलको दायरालाई व्यापक बनाउन अनुरोध गर्दछु ।"

नगरप्रमुख वडले अहिले सरकारले दिइरहेको शिक्षा नीतिले शैक्षिक बेरोजगारी मात्रै बढाएको बताए । "आधा उमेर र पैशा पढाईमा नै खर्च गर्नुपर्ने र त्यसपछि पनि रोजगारी नपाउने शिक्षाले गरिबी बढाएको छ" नगरप्रमुख वडले भने- "अहिले चाहिएको व्यवहारिक र रोजगार मुखी शिक्षा हो ।"

धनगढीस्थित त्रिभुवन माविका प्राचार्य सीताराम अवस्थीले लेटर ग्रेडिङ प्रणाली राम्रो भएपनि व्यवस्थित गर्नु आवश्यक रहने बताए । "यो प्रणालीले विद्यार्थीमा निरासा ल्याएको छैन" उनले भने- "तर पढ्ने वानीको विकासमा यो प्रणाली बाधक जस्तो देखिएको छ, त्यसैले व्यवस्थित गरेर लैजानु आवश्यक छ ।"

कैलाली बहुमुखी क्याम्पसका स्ववियू सभापति चुडामणि भट्टले पनि अक्षरांकन पद्धतिलाई व्यवस्थित गरेर लैजानु आवश्यक हुने बताए । "शिक्षापछि नराम्रो नतिजा आउने विद्यार्थीको मानसिक असरलाई अक्षरांकन पद्धतिले हटाउने प्रयास गरेको छ" उनले भने- "तर यो पद्धतिले प्राप्त गर्न खोजेको उद्देश्य प्रष्ट नहुँदा केही अन्यौल भएकाले अक्षरांकन पद्धतिका बारेमा सबैलाई बुझाएर लैजानु आवश्यक छ ।"

कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्डका निमित्त सदस्य सचिव जंगबहादुर अर्याल, प्रोफेसर डाक्टर तीर्थराज पुजाराले अक्षरांकन पद्धतिका बारेमा कार्यपत्र प्रस्तुत गरे । कार्यक्रम समापन प्राफेसर डाक्टर चन्द्रमणि पौडेले गरे ।

किंवदन्ती बाहिरका पृथ्वीनारायण...

सिक्किमे फौजलाई खेद्दै गएको दामोदर पाण्डेको नेतृत्वको सेनाले टिस्टा नदीमा खाँडो पखालेको थियो । दामोदर पाण्डे पृथ्वीनारायण शाहका नाति रणबहादुर शाहका सेनापति हुनुहुन्थ्यो ।

अब लागौं पृथ्वीनारायण शाहको अत्याचार तिर । उहाँलाई क्रूर सामन्ती शासकको रूपमा चित्रित गरिन्छ । उसो त युद्धमा सबै क्रुर हुन्छन् । इसाई पादरीलाई नेपालबाट निष्कासन गरेपछि युरोपेलीहरू अत्यन्त रिसाएका थिए पृथ्वीनारायण शाहसँग । त्यही रिस पोखेका हुन् उताका इतिहासकारले । उनीहरूले कतिसम्म झुट कथा रचेका छन् भन्ने सत्यलाई प्रमाण सहित नाङ्गेझार पार्नुभएको छ सौरभले आफ्नो 'असहमति' शीर्षकको पुस्तकमा । पश्चिमा इतिहासकार र पादरीमा कति घृणा र दुराशयपूर्ण सोचाइ थियो पृथ्वीनारायण शाहप्रति भन्ने सत्यको राम्ररी पोल खोलेको छ त्यो पुस्तकले ।

पृथ्वीनारायण शाहपछि उहाँका राजउत्तराधिकारीले कुनै राम्रो काम गरेनन् । उनीहरू इतिहासका कलंक नै भए बरु । रणबहादुर शाहलाई राजा मान्न लाज मान्नुपर्छ । राजेन्द्र विक्रम पनि अनामी छैनन् । तर सन्तान अपराधको बोझ पृथ्वीनारायण शाहको टाउको हाल्न त मिल्दैन नि !

कतिपय 'इतिहासकार'हरू पृथ्वीनारायण शाहको प्रसस्ति गाउँछन् किंवदन्ती नायक बनाएर । कतिपयले यद्यपि, हुन त जस्ता आशंकासहित पृथ्वीनारायणको समर्थन गरेका छन् । मेरो चाहिँ निष्कर्ष हो – उहाँ आफ्नो समयका अत्यन्तै दूरदर्शी, चतुर र स्वतन्त्र राष्ट्र नेपालका सबैभन्दा पहिलो र महान अभियन्ता हुनुहुन्थ्यो । यो जीवित सत्यमा 'प्रजा मोटा भए दरबार बलियो रहन्छ' 'दक्षिणको बादसाह महाचत्तुर छ' भन्ने जस्ता उपदेशहरूले उहाँको आन्तरिक र बाह्य नीतिको व्याख्या गर्छन् ।

(साभारः गोरखापत्र दैनिक)

विघ्नकर्तालाई...

तसर्थ सरकारले मुद्दा फिर्ता लिइरहने, सर्वोच्चले रोकिरहने र राष्ट्रिय, अन्तर्राष्ट्रिय समुदायचाहिँ विधिको शासन र प्रजातन्त्रको स्थापकीय सिद्धान्त अनुसार शक्ति बाँडफाँड नभएकोमा घचघच्याइरहनेतिर लाग्नुभन्दा पनि बनाइने 'विशेष अदालत' कस्तो मोडालिटीको बनाउने, त्यसको कार्यावधि कति रहने, त्यसको अन्तिम आदेशबारे पुनरावेदन कहाँ लाग्ने र त्यसलाई कसरी विश्वसनीय र स्वतन्त्र बनाउने, अबको बहस त्यतातिर चल्न आवश्यक देखिन्छ ।

(साभारः कान्तिपुर दैनिक)

सच्याइएको

वर्ष २१, अंक ११४ मिति २०७५ पुस ०५ गते देवी भट्टको 'संधियारको नाममा जारी १५ दिने सूचना' मा उपमहानगरपालिकाको वडा नम्बर १३ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

सुनकाण्डका अभियुक्त उम्काउने...

'कुनै त्रुटि भेटिए थप न्यायाधीशलाई तान्नुपर्ने हुन सक्छ,' स्रोतले भन्यो । त्यतिबेला फरक-फरक इजलासमा मुद्दा परेका कारण कतिपयमा स्थगित भएको थियो भने कतिपय हेर्न नभ्याइने भनिएको थियो । केहीबाट भने निवेदन किनारा लागेको थियो ।

२०७४ फागुन १९ गते मोरङ प्रहरीले आपराधिक समूह स्थापना गरी १७ अर्ब १ करोड ८० लाख मूल्य बराबरको झन्डै ३८ क्विन्टल सुन तस्करी गरेको आरोपमा चुडामणि उप्रेती (गोरे) र प्रहरीका बहालवाला तथा पूर्वउच्च अधिकारीसहित ६३ जनाविरुद्ध जिल्ला अदालतमा मुद्दा दर्ता गरेको थियो । यो प्रकरणमा केहीलाई सनम शाक्यको हत्या गरेको अभियोगसमेत लागेको थियो ।

साढे ३३ किलो सुन तस्करीका क्रममा भएको सनम शाक्यको हत्या तथा ३८ क्विन्टल सुन तस्करीको घटनामा जिल्ला अदालत मोरङले पुर्पक्ष थुनामा राख्न आदेश दिएका अधिकांश आरोपितलाई उच्च अदालत विराटनगरले धमाधम रिहाको आदेश गरेको थियो । सुन भरियाको हकमा जिल्लाको आदेश सदर गरिए पनि अन्य योजनाकारलाई रिहा गर्न आदेश दिइएको थियो ।

सुदूरपश्चिम महोत्सव-२०७५ को

टेण्डर आह्वान सम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मिति : २०७५/१०/३ गते

विगतका वर्षझै यस वर्ष पनि कैलाली उद्योग वाणिज्य संघद्वारा संघीय प्रहरी इकाई कार्यालयको खेल मैदानमा २०७५ माघ २१ गतेदेखि फागुन २ गतेसम्म धनगढीमा आयोजना गर्न लागेको सुदूरपश्चिम महोत्सव २०७५ का लागि निम्न शीर्षकमा सो कार्य गर्ने इच्छुक व्यक्ति तथा फर्मबाट यो सूचना प्रकाशित मितिले ३ दिनभित्र यस संघको कार्यालयमा शिलबन्दी टेण्डर फर्म पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । टेण्डर फारम संघको कार्यालयबाट नगद रु. १०००।- (एक हजार) मा खरिद गर्न सकिने छ ।

१) स्टल निर्माण - अधिकतम रु. ७००००।-
२) वाद्यवादन - अधिकतम रु १००००।-
३) सुरक्षा व्यवस्थापन - अधिकतम रु १८००००।- (३० जना)
४) पार्किङ - उठेको रकमको कम्तीमा पनि ४०% संघलाई उपलब्ध गराउनु पर्नेछ ।
५) इलेक्स छपाइ ।

स्टल व्यवस्थापन समिति
सुदूरपश्चिम महोत्सव-२०७५

श्री धुरासल्लेरी सामुदायिक वन उपभोक्ता समूह

चुरे गाउँपालिका-५, कैलाली

छिमेकी समूह तथा जिल्लाभित्रका उपभोक्ताहरुका लागि काठ विक्रीवितरण सम्बन्धी १० दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/१०/४ गते

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट आर्थिक वर्ष ०७५/०७६मा वार्षिक कार्ययोजना अनुसार संकलन भई सामुदायिक वन उपभोक्ता समूह कम्पाउण्डमा घाटगद्दी भएको जात सल्लो गरी जम्मा ९३ थानको १०८९।४८ क्युफी काठलाई यस समूहका उपभोक्ता सदस्यहरूमा खपत नभई छिमेकी तथा जिल्लाभित्रका उपभोक्ताहरूलाई विक्रीवितरणका लागि यो १० दश दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० दिनभित्र यस सावउसको कार्यालयमा निवेदन दाखिला गर्नहुन सबैको जानकारीका लागि अनुरोध गरिन्छ । विस्तृत जानकारीको सुचना यस सावउसको कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरूमा समेत टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

अध्यक्ष
श्री धुरासल्लेरी सामुदायिक वन उपभोक्ता समूह
चुरे गाउँपालिका-५, कैलाली

तुरून्त आवश्यकता

राष्ट्रिय तथा स्थानीय पत्रिकाका लागि धनगढी, अत्तरिया, आइबीआरडी कञ्चनपुर, टाउन, अमरवस्तीमा बजार प्रवर्द्धनको लागि केही जनशक्तिको आवश्कयता परेकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला । ***साथै पुराना पत्रिका अडर अनुसार होमडेलिभरी गरिन्छ ।***

पद : सेल्स अफिसर **तलब :** आकर्षक
कामको प्रकृति : बिक्री तथा बजार प्रवर्द्धन
पद : पत्रिका वितरक (२ जना)
सम्पर्क : ९८४८४८८५१७
धनगढी उपमहानगरपालिका-१, नैनादेवी मन्दिर अगाडि, कैलाली

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यस एसोसियसन अफ एग्रिकल्चर नेपाल शाखा कार्यालय सुखडको लागि १० जना फिल्ड कर्मचारी आवश्यक परेकाले ईच्छुक व्यक्तिहरूले यही मंसिर २५ गतेभित्र सम्पर्क राख्न हुन अनुरोध छ ।

थप जानकारीको लागि
एसोसियसन अफ एग्रीकल्चर नेपाल
शाखा कार्यालय सुखड कैलाली, मो. ९८१४६००४०६
(घोडाघोडी नगरपालिकाको कार्यालयको अगाडि)

के तपाई पाइल्स, फिस्टुला, फिसर तथा पेटबाट ग्रसित हुनुहुन्छ ? यदि हुनुहुन्छ भने

धनवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर, माता मनकामना आयुर्वेद क्लिनिक प्रालि काठमाडौं तथा एनटीभी प्लस च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स, फिस्टुला, फिसर तथा पेटरोग सम्बन्धी डा. राजिव घिमिरे धनगढीमा यहि मिति २०७५ माघ ७ र ८ गते आउन लाग्नु भएकाले समयमै स्वास्थ्य परीक्षण गराई विशेष सेवाको लाभ लिनुहोस् ।

अब तपाई उपचारका लागि बाहिरा जानुपर्ने आवश्यक छैन । गुणस्तरीय उपचारका लागि हामीलाई सम्झनुहोस् ।

हाम्रो सेवाहरू:
क्षारसुत्र विधिद्वारा गरिने उपचारहरू
पाईल्स: कहिले पखाला, कहिले कब्जियत हुने, पेट फुल्ने, मलद्वारमा मासु पलाउने, दिसा गर्दा रगत बग्ने, मलद्वार दुख्ने, सुनिने चिलाउने आदि ।
फिस्टुला: मलद्वारको मुखमा घाउ खटिरा आउने, दिसा गर्दा दुख्ने, पिप निस्किने, पोल्ने, कब्जियत हुँदा अत्याधिक दुखाई बढ्ने आदि ।
फिसर: मलद्वारमा चिरापरेको घाउ देखिने, पीरो खाएमा दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिसामा रगत देखापर्ने आदि ।
ग्याष्ट्रिक: मुखबाट अमिलो पानी आउने, वाकवाकी हुने, पेट दुख्ने आदि ।
अन्य रोगहरू: अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, बाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट: पाइलस, फिस्टुला, फिसर रोगीहरूको क्षार विधिद्वारा बिना अपरेशन उपचार गरिन्छ

बिरामी जाँच्ने समय:
२०७५ माघ ७ गते दिउसो ९ बजेदेखि साँझ ६ बजेसम्म
२०७५ माघ ८ गते बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रालि
धनगढी, ३ चौराहा (होटल ज्ञानु प्लाजासँगै)
फोन नं. : ०९१-४१७१५७, मो. ९८५८४२१७९०

खुसीको खबर। खुसीको खबर।। खुसीको खबर।।।

डा. राजेन्द्रप्रसाद भट्ट

ग्यारेन्टीका साथ उपचार
(बाबासिर, पाइल्स, फिस्टुला, फिसर आदिको क्षारसूत्र विधिबाट बिना अप्रेशन उपचार गरिन्छ ।

बाबासिर, भगन्दर आदिको उपचार गर्न बाहिर नजानु पर्ने, धनगढी मै उपचार

- 8mm भन्दा सानो पत्थरी बिना अप्रेसन उपचार गरिन्छ ।
- **अन्य रोगहरू** : पुरानो ग्याष्ट्रिक, जण्डिस, बाथ विभिन्न प्रकारका बाथरोगहरू, पिनास, निमोनिया, रक्तअल्पता, उजिर्ण, गानागोला, सुगर प्रेसर, थाइराइड, छालासम्बन्धी र सेतो दाग आदि रोगहरूको सफल उपचार ।
- **पुरुषमा देखिने** : पिसाब जलन, पिसाब पोल्ने, यौन इच्छामा कमि, नपुंसकता, लिङ्ग उत्तेजना नहुने, सिघ्र विर्य स्खलन, यौन सन्तुष्टिमा कमि, धातुरोग, शारीरिक तथा मानसिक तनाव आदि ।
- **महिलामा देखिने समस्याहरू** : यौनीबाट सेतो पानी बग्नु, महिनावारीमा गडबडी, तल्लो पेट दुखाई, धातु रोग, योनी चिलाउने, शारीरिक तथा मानसिक तनाव, बाँझोपन, नि:सन्तान आदिको सफल उपचार ।

पञ्चकर्म सेवा शुरू गरिएको जानकारी गराउँदछौं ।
जस्तैः हातखुट्टा दुखेको, जोर्नी दुख्ने, पोल्ने, झमझमाउने नशा च्यात्तिएको, ढाड कम्मरको दुखाई, हातखुट्टा सुन्निनु सम्पूर्ण बाथरोगको उपचार आयुर्वेद पञ्चकर्म पद्धतिबाट गरिन्छ ।

हाम्रो सेवाहरू: - ल्याव - अल्ट्रासाउण्ड सेवा - आदि सेवा

डाक्टर भेट्ने समय : बिहान ८ बजेबाट बेलुका ६ बजेसम्म

सम्पर्क स्थान
वैजनाथ आयुर्वेद
एलएनचौक, धनगढी, (त्रिनगर स्कूलको नयाँ भवन) फोन : ०९१-५२५६१३, ५२५८२४

रंगीन संसार

कंगनाको फिल्म किन छाडे सोनुले ?



रणवीर सिंहको साथमा चलचित्र 'सिम्बा'मा काम गरेर धमाका मच्चाएका बलिउडका कलाकार सोनु सुदले नायिका कंगना रनावतको मुख्य भूमिका रहेको चलचित्र 'मणिकर्णिका' छाडेपछि खुबै चर्चा भयो । उनी र नायिका कंगना रनावतबिचको असमझदारीका कारण उनले चलचित्र छाडेको चर्चा पनि भयो । तर, सोनुले पहिलो पटक यो चलचित्र छाड्नुको कारणबारे मुख खोलेका छन् । सोनुले भने- 'चलचित्रको छायांकनका क्रममा एउटा समय यस्तो पनि आएको थियो कि, निर्देशक र कंगनाको सम्बन्ध खासै राम्रो थिएन । निर्देशक चलचित्रका केही दृश्य फेरि खिच्न चाहन्थे । मैले निर्देशकलाई मेरो कुन भाग फेरि खिच्नुपर्ने हो भनेर सोधेको थिएँ ।'

सोनुले अगाडि भने-'जब यो चलचित्रको सम्पादन भैरहेको थियो, तब मैले थाहा पाए कि हामीले सुट गरेको दृश्य नै हराएको थियो । यसपछि, मलाई निकै दुःख लाग्यो । जुन दृश्यका लागि मैले खुबै मिहिनेत गरेको थिएँ, सोही दृश्य हराएको थियो । यसकारण मलाई फेरि छायांकन गर्न भनिएको रहेछ । यसैले मैले चलचित्र छाडें ।'

चुरोट रक्सी र सूर्ती जन्य पद्धार्थ सेवन नगरौं, स्वस्थ भई स्वास्थ्य लाभ गरौं ।

तपाईको आजको दिन

मेष : *(चु,चे,चो,ला,लि,लु,ले,लो,अ)*
राज्यपक्षबाट भय पर्ला । धन हानी, पुत्र परिवारबाट धोका होला । धर्म भाग्यको हानी, मानसिक पीडा होला ।

मिथुन : *(का,कि,कु,घ,ङ,छ,के,को,हा)*
महिलाबाट सुख सहयोग मिल्ला । न्यापार, यात्रा, सवारी सुख मिल्ला । स्वादिष्ट भोजन तथा मिठो निन्द्रा होला ।

सिंह : *(मा,मि,मु,मे,मो,टा,टि,टु,टे)*
अतिथि सेवा गर्ने मौका पर्ला । धन, वस्त्र, गहनाको लाभ होला । न्यपार न्यवसाय सफल होला ।

वृश्चिक : *(तो,ना,नि,नु,ने,नो,या,यी,यु)*
धन नाश, कुटुम्ब, स्वजनमा विवाद पर्ला । पठनपाठनमा अरूचि होला । मनमा अशान्ति, असन्तोष होला ।

मकर : *(भो,जा,जि,खि,खो,खे,गा,गि)*
स्वस्थ्यमा बाधा पर्ला । आर्थिक संकट होला । धन नाश, मन अशान्ति होला । न्यर्थ विवाद पर्ला ।

कन्या : *(टो,प,पि,पु,ष,ण,ठ,पे,पो)*
उदर पिडा होला । स्वजनमा झगडा होला । मानसिक चिन्ता तथा भय होला ।

वृष : *(इ,उ,ए,ओ,वा,वी,वे,वु,वो)*
ठुला व्यक्तिको साथ मिल्ला । धन वस्त्रादिको लाभ होला इष्ट कार्य सिद्धि होला ।

कर्कट : *(हि,हु,हे,हो,डा,डि,डु,डे,डो)*
शत्रु सेलाउलन । धन, वस्त्रादिको लाभ होला । मान, सम्मान प्राप्त होला । कार्य, न्यवसाय सफल होला ।

तुला : *(र,रि,रू,रे,रो,ता,ति,तु,ते)*
उद्योग न्यवसाय गर्न जोसजगर आउला । धन लाभ, कार्य सफल होला । साथीको सहयोग मिल्ला ।

धनु : *(यो,ये,मा,भि,भु,ध,फा,ढ,भे)*
धन, अन्नको लाभ होला । मान सम्मानले मन हर्ष होला । मित्रजनको सुख सहयोग प्राप्त होला ।

कुम्भ : *(गु,गे,गो,सा,सि,सु,से,सो,द)*
इष्टमित्रको समागम होला । धन वस्त्र गहनाको लाभ होला । मनमा उत्साह होला ।

मीन : *(दी,दु,थ,झ,ञ,दे,दो,चा,चि)*
अतिथि सेवा गर्ने मौका पर्ला । धन, वस्त्र, गहनाको लाभ होला । न्यपार न्यवसाय सफल होला ।

तेस्रो नेपाल आइस सुदूरपश्चिम खप्तड गोल्डकपक

पुलिस क्लव फाइनलमा

अनुमोदन समाचार/धनगढी

नेपाल पुलिस क्लव धनगढीमा जारी तेस्रो नेपाल आइस सुदूरपश्चिम खप्तड गोल्डकपको फाइनलमा प्रवेश गरेको छ । बिहीबार धनगढी रंगशालामा जारी सेमिफाइनल खेलमा सिएमजी क्लव संकटालाई ट्राइब्रेकरमा ५-४ ले पराजित गर्दै फाइनल प्रवेश गरेको छ ।

निकै प्रतिस्पर्धात्मक खेलमा निर्धारित समयभित्र दुवै टोलीबाट कुनै गोल हुननसकेपछि खेल ट्राइब्रेकरमा लगिएको थियो ।

टाइब्रेकरमा नेपाल पुलिस क्लवका अभिषेक रिजाल, अजित भण्डारी, हरि कठायत, तीर्थ राना र विक्रम धिमालले गोल गरेका थिए ।

संकटाका अमित तामाङ, लक्ष्मण रुचाल, एलोन म्याक्सवेल र सरोज दाहालले गोल गरे । संकटाका लागि सुभाष गुरुङको प्रहार पुलिस क्लवका गोलरक्षक रोशन खड्काले जोगाएका थिए । उनी आरके कन्स्ट्रक्सन म्यान अफ द म्याच बने ।

पुलिस क्लवले शनिबार रुस्लान श्री स्टारको सामना गर्नेछ । मोफसलकै सर्वाधिक धनराशी पुरस्कार भएको खप्तड गोल्डकपको प्रतियोगिताको विजेताले २१ लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ । भने उपविजेताले १० लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

अपांगता भएका बालबालिकालाई न्यानो लुगा वितरण

अनुमोदन समाचार/धनगढी

अत्तरियास्थित सुदूरपश्चिम समावेशी विद्यालयमा पढ्दै आएका अपांगता भएका बालबालिकालाई न्यानो लुगा वितरण गरिएको छ ।

कैलालीको धनगढीमा अपांगताको क्षेत्रमा काम गर्दै आएको अपांगता सहायता प्रतिष्ठानले बिहीबार विद्यालयमा एक कार्यक्रामका साथ लुगा वितरण गरेको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनीराम साउँदलाई लुगा हस्तान्तरण गर्दै प्रष्ठिानका अध्यक्ष भवानीसिंह ऐरले चिसोबाट बच्नका लागि थोरै भएपनि राहत पुगोस् भनेर न्यानो लुगा सहयोग गरेको बताए । प्रतिष्ठानकी सहसचिव सुनिता थापाले ६० थान जाकेट, टाउजर, टोपीलगायतका न्यानो लुगामा सहयोग गरेको जानकारी दिइन् ।

सस्थाका सल्लाहकार एवं राष्ट्रिय अपांग महासंघ नेपालका केन्द्रीय सदस्य मानबहादुर साउँदले चिसोबाट बच्न बालबालिकालाई न्यानो लुगा सहयोग गरेकोमा संस्थालाई धन्यवाद दिएका थिए । उनी यस विद्यालय स्थापनाको पनि संस्थापक हुन् ।

सशस्त्रद्वारा अवैध सामान पक्राउ

अनुमोदन समाचार/धनगढी

सशस्त्र प्रहरी बलको राष्ट्रिय भन्सार सुरक्षा कैलाली ५३ नम्बर गुल्मले बिहीबार ठूलो रकमको सामान पक्राउ गरेको छ ।

भन्सार छलेर ल्याउँदै गरेको ६ थान मोटर र गाडी सहित सोह्र लाख पैसठ्ठी हजार रुपैयाँको सामान बरामद गरी त्रिनगर भन्सार कार्यालयलाई बुझाएको छ । ५३ नम्बर गुल्मका गुल्मपति सशस्त्र प्रहरी नायव उपरीक्षक देवबहादुर चन्दले सामान सहित धनगढी-१३ का ३५ वर्षीय अनिल शर्मा र सवारी चालक अर्जुन रानालाई धनगढी-२ मिलन चोकबाट पक्राउ गरी भन्सारमा बुझाएको बताए ।

से १ च १७६० नम्बरको टाटा एक्सेनन गाडीमा भारतवाट भन्सार छली ल्याउँदै गरेका ६ थान मोटर र गाडी सहित मूल्य सोह्र लाख ६५ हजार रुपैयाँ भएको बताए ।

सहकारी ऐन सम्बन्धी अन्तरक्रिया

अनुमोदन समाचार/टीकापुर

टीकापुर नगरपालिकाको सहकारी ऐन सम्बन्धी प्रशिक्षणमूलक अन्तरक्रिया कार्यक्रम बिहीबार टीकापुरमा शुरु भएको छ ।

टीकापुर नगरपालिकाको आयोजनामा शुरु भएको कार्यक्रममा टीकापुर नगरपालिका क्षेत्रभित्रका विभिन्न सहकारी संस्थाहरूका सञ्चालक समितिका पदाधिकारी तथा व्यवस्थापकहरूको सहभागिता रहेको छ ।

टीकापुर नगरपालिकाका उपप्रमुख केशरी विष्टको अध्यक्षतामा भएको कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुवराज आचार्यले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका शाखा अधिकृत सुरेशप्रसाद जैशीले सहजिकरण गरिरहेको कार्यक्रमको टीकापुर नगरपालिका सहकारी शाखा प्रमुख कमला पोखरेलले संचालन गरेका थिए ।

अन्तरपुस्ता संवाद तालिम

अनुमोदन समाचार/सुखड

कैलालीको घोडाघोडी नगरपालिका वडा नम्बर १ सुखडमा बाल क्लबका सदस्यहरूलाई अन्तरपुस्ता संवाद तालिम बिहीबारदेखि सुरु भएको छ ।

वर्ड भिजनको आर्थिक सहयोगमा सामाजिक विकासका लागि सचेत समाज धनगढीको आयोजनामा तालिम सञ्चालन भएको जनाइएको छ ।

तालिममा घोडाघोडी नगरपालिका, गौरीगंगा नगरपालिका र कैलारी गाउँपालिकाका गरी २४ जना बालबालिकाहरूको सहभागिता छ ।

बालबालिकाहरूलाई बालबालिकाका सवाल, अधिकारहरूको बारेमा जानकारी गराइने समाजका सामाजिक परिचालक दमयन्ती बोहोराले जनाइन् ।

डिभिजन वन कार्यालय

पहलमानपुर, कैलाली

संशोधित सूचना

वर्ष २१, अंक १३९ मिति २०७५ पुस ३० गते डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीको घोडाघोडी नगरपालिका १ स्थित श्री घोडाघोडी सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएको वन क्षेत्रमध्ये ओजुवा तालदेखि पूर्व दक्षिण पट्टी रहेको २.५ हेक्टर राष्ट्रिय वन क्षेत्रलाई सावउसको 'मिति २०७४/१०/२० को आम भेला' हुनुपर्नेमा अन्यथा भएकोले संशोधन गरिएको छ ।

भरपर्दो र बलियो ईटा चाहिएमा

घर निर्माणका लागि चाहिने गुणस्तरीय, भरपर्दो र बलियो ईटा चाहिएमा हामीलाई सम्झनु होला ।

टपेन्द्र मण्डारी

(०९१-४०४१०७, ९८६३३०५५५५/९८१३६८५१९६)

सिर्जना ईटा उद्योग

जोशीपुर गाउँपालिका-२, गढी, कैलाली

आवश्यकता

यस होटल नयाँराम प्रालिका लागि केही कर्मचारीको आवश्यक परेकाले ईच्छुक व्यक्तिहरूले तुरुन्त सम्पर्क राख्न हुन अनुरोध छ ।

कुक : १ जना वेटर : २ जना

तलब : आकर्षक

होटल नयाँराम प्रालि

धनगढी, चौराहा, कैलाली, फोन नं. ०९१-५२१७७१, ४१७४७१

चाँया, पोतो, चाउरीपन हटाउने क्रिम पाइन्छ।

सम्पर्क

स्वास्थ्य सरोकार केन्द्र

धनगढी : ०९१-५२७४०६, मो. ९८५८४२१७७४

टीकापुर : ०९१-५६१२९९, मो. ९८४८४३२८८९

विशेष छुटका साथ

अब चौधरी फेसन टेलर्समा

हाम्रो यहाँ जुनसुकै किसिमका कोटपाईन्ट, सर्ट, आसकोट, दाउरा सुरुवाल, जुहारी कोट, टाई, टोपीहरू सिलाउनुका साथै स्कुल ड्रेस, क्याम्पस ड्रेस, निजामती कर्मचारीहरूको ड्रेस तथा थान कपडाहरू सुपथ मूल्यमा विक्री गर्नुका साथै सिलाई पनि गरिछ ।

रेडिमेट कोटपाईन्ट तथा क्याम्पस ड्रेस कोटपाईन्ट मात्र रु. ३५००।- मा

प्रो. विष्णु चौधरी

(९८४८४७१३४७)

चौधरी फेसन टेलर्स

धनगढी उपमहानगरपालिका (जिप्रका पुल नजिक)

नोट : हाम्रो यहाँ इण्डियाबरेलीका दक्ष कालीगढहरुद्वारा कोटपाईन्ट सुपथ मूल्यमा सिलाई गरिने ग्राहक वर्गहरुलाई सहर्ष जानकारी गराइन्छ।

भारी छुटका साथ

लोकसेवा आयोगले लिने तयारी कक्षाहरू कालिकामा मात्र

अमिन

कृषि जे.टि.ए. | भेटेनरी जे.टि.ए.

नासु र खरिदार | अनमी/सि.एम.ए.

SEE Package

➤English ➤Math ➤Science ➤Nepali ➤Social ➤Pop Health ➤OPD Math

English Languag

Computer Class:- Basic/Office/ 6 Month Deploma

12 Month Deploma/Net/ Photoshop/pegmeker

थप जानकारीका लागि

KALIKA EDUCATIONAL TRAINING CENTER & TECHNOLOGY

Buddha Marg, Dhangadhi, Kailali Contact No: 091-521644,9849555106, 9804659331

धनगढी नैनादेवी रोडमा आकर्षक घडेरी बिक्रिमा

सम्पर्क : ९८६८७८८७०७



नेपाल खाद्य संस्थान

(संस्थान ऐन २०२१ अन्तर्गत स्थापित)

अञ्चल कार्यालय, धनगढी

(जिन्सी शाखा)

गोदाम घर भाडामा लगाउने सम्बन्धी गोप्य दरभाउपत्र आव्हान सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति : २०७५/१०/०४

यस संस्थानको तपशिल बमोजिमको गोदामघर भाडामा दिनुपर्ने भएकोले १५ दिनको म्याद राखी निम्न शर्तहरूको अधिनमा रही उक्त गोदाम उपभोग गर्नका लागि भाडमा लिन चाहने ईच्छुक नेपाली नागरिकहरूबाट मिति २०७५/१०/१८ गते दिउँसो १२:०० बजेभित्र यस कार्यालयमा रीत पूर्वकको गोप्य शिलबन्दी आवेदन (कोटेशन) पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

क्र.सं.	गोदामको विवरण	मासिक न्यूनतम भाडा रु.	कैफियत
१.	यस कार्यालयको पछाडि पट्टी रहेको ५०० मे.टन क्षमताको गोदाम	३१,५००।-	

शर्तहरू

१. कोटेशन फाराम रु.३००।- (फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट मिति २०७५/१०/१७ गतेसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२. भाडामा लिन चाहने व्यक्तिले कबोल गरेको वार्षिक हुन आउने रकमको ५% रकम यस संस्थानको राष्ट्रिय वाणिज्य बैंक लि. धनगढीस्थित च.हि.नं.४४४।०१ खातामा जम्मा गरेको सक्कलै भौचर, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र प्यान नं. को प्रतिलिपि कोटेशन साथ पेश गर्नुपर्ने छ ।

३. उक्त गोदाम २ (दुई) वर्षको लागि भाडामा दिइने छ ।

४. सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई भाडामा दिने नदिने सम्पूर्ण अधिकार संस्थानमा सुरक्षित रहने छ ।

५. कोटेशन स्वीकृत भएको १ (एक) हप्ताभित्र यस कार्यालयमा आई ३ (तीन) महिनाको भाडा धरौटी स्वरूप राखी सम्झौता गर्नुपर्ने छ, सम्झौता नगरेको खण्डमा दरभाउपत्र साथ पेश गरेको धरौटी रकम जफत हुनेछ ।

६. रीतपूर्वक पर्न आएका कोटेशनहरू मिति २०७५/१०/१८ गतेका दिन दिउँसो २:०० बजे सरकारी कार्यालयका प्रतिनिधि समेतको रोहवरमा यस कार्यालयमा खोलिने छ ।

७. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र स्वयं उपस्थित भई बुझ्न सकिने छ अथवा फोन नं. ०९१-५२११२५ मा समेत फोन गरी बुझ्न सकिने छ ।

८. सो दिन सरकारी बिदा परेमा कोटेशन पेश गर्ने र खोल्ने मिति १ (एक) दिनपछि सर्नेछ ।

नेपाल खाद्य संस्थान

अञ्चल कार्यालय, धनगढी

शैक्षिक सत्र २०७५/७६ को लागि स्नातकोत्तर तहमा नयाँ भर्ना सम्बन्धी सूचना

विश्वविद्यालय अनुदान आयोगबाट QAA प्रमाणपत्र प्राप्त देशकै अग्रणी सामुदायिक शैक्षिक संस्था कैलाली बहुमुखी क्याम्पसमा त्रिभुवन विश्वविद्यालयका सेमेष्टर प्रणालीमा आधारित स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूमा नयाँ भर्नाको लागि निम्नानुसार प्रवेश परीक्षा सञ्चालन हुने व्याहोरा सहर्ष जानकारी गरिन्छः

कार्यक्रमहरू	MBA-E	MBS	MA र M.ED.
केन्द्रीय प्रवेश परीक्षा हुने मिति र समय	२०७५ माघ ५ गते बिहान ८ बजे	२०७५ माघ १९ गते बिहान ८ बजे	२०७५ माघ १९ गते दिउँसो १ बजे
आवेदन फाराम बुझाउने अन्तिम मिति	२०७५ पौष ३० गतेसम्म (बिलम्ब शुल्क सहित माघ ३ गतेसम्म)	२०७५ माघ ९ गतेसम्म (बिलम्ब शुल्क सहित माघ १५ गतेसम्म)	२०७५ माघ ३ गतेसम्म (बिलम्ब शुल्क सहित माघ १० गतेसम्म)
आवेदन शुल्क	रु. १,५०० (बिलम्ब शुल्क रु ३,०००)	रू.१,५०० (बिलम्ब शुल्क रू ३,०००	रु.१,५००(बिलम्ब शुल्क रु ३,०००
कक्षा सञ्चालन	२०७५ माघ दोस्रो हप्ताबाट	२०७५ फाल्गुन पहिलो हप्ताबाट	२०७५ फल्गुन दोस्रो हप्ताबाट

थप जानकारीको लागि

कैलाली बहुमुखी क्याम्पस, धनगढी, कैलाली

Phone: 091-521223, 526293, Website: www.kailalicampus.edu.np

अनुमोदन दैनिकका लागि प्रकाशक/कार्यकारी सम्पादक: प्रकाशविक्रम शाह, प्रबन्ध सम्पादक: भरत शाह , सह-सम्पादक: श्रवण देउवा, कार्यालय: पार्कमोड, धनगढी, कैलाली
फोन नं. ०९१-५२४३४८/५२५७६३, Email: anumodan.daily@gmail.com, Website: *www.eanumodan.com*, मुद्रण: गार्डनर अफसेट प्रेस, धनगढी, प्रधान सम्पादक: मनमोहन स्वाँर